# विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४

(महानिर्देशक स्तरबाट २०७६।०६।१४ मा स्वीकृत दोस्रो संशोधन सहित )

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्यविधि, २०७४

**(शिक्षा तथा मानव स्रोत विकास केन्द्र, महानिर्देशक स्तरबाट २०७६।०६।१४ मा स्वीकृत दोस्रो संशोधन सहित )**

लागु मिति : २०७४।१२।२२
पहिलो संशोधन : २०७५।०८।१८
दोस्रो संशोधन : २०७६।०६।१४

**प्रस्तावना :** नेपालको संविधानमा मौलिक हकको धारा ३५ को उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको, दिगो विकास लक्ष्य नं. ४ *र* ६ अन्तर्गत सबै विद्यालयहरूमा *सुरक्षित तवरले व्यवस्थित* खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकाङ्क तोकिएको र विद्यालय क्षेत्र विकास योजना (वि.सं २०७३-२०८०) ले गुणस्तरीय शिक्षाका लागि *स्वास्थ्य तथा पोषण अवयवअन्तर्गत* विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन, सरसफाइको सुविधा र स्वच्छ वातावरणको आवश्यकतालाई महत्वपूर्ण पक्षको रूपमा लिएको सन्दर्भमा सबै विद्यालयहरूमा खानेपानी र सरसफाइको सुविधा एवम् स्वच्छ वातावरणको विकास तथा प्रवर्द्धन गर्ने कार्यमा *बहुसरोकारवाला निकायहरु बीच कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा एकरुपता कायम गर्न तथा समन्वय, सहकार्य गरी विद्यार्थीको स्वास्थ्य स्थितिमा सुधार ल्याई* सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरिएको छ । [1]

## परिच्छेद १

## सङ्क्षिप्त नाम र परिभाषा

### १ सङ्क्षिप्त नाम र प्रारम्भ :

क. यस कार्यविधिको नाम *'विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ (दोस्रो संशोधन, २०७६)'* रहेको छ ।[2]

ख. यो कार्यविधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ । स्थानीय तहले यस कार्यविधिलाई अनुमोदन गरी वा स्थानीय परिवेश अनुसार व्यबस्था गरी सम्पूर्ण विद्यालयहरुमा लागू गराउन सक्नेछ ।

### २ परिभाषाः

क) विद्यालय खानेपानीः विद्यालय खानेपानी भन्नाले *विद्यालय हाताभित्र नेपाल खानेपानी गुणस्तर मापदण्ड २००५ अनुसार निरन्तर रुपमा उपलब्ध*[3] छात्र, छात्रा, शिक्षक,

---

[1] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[2] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[3] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

कर्मचारी लगायतका व्यक्तिहरूको मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक जैविक र रासायनिक पदार्थहरू नरहेको पानी भन्ने बुझ्नु पर्छ ।

ख) विद्यालय सरसफाइः विद्यालय सरसफाइ भन्नाले छात्र, छात्रा, शिक्षक तथा कर्मचारीहरूको मलमुत्रको सुरक्षित विसर्जनका लागि विद्यालय हातामा बाल, लैङ्गिक, अपाङ्गमैत्री लगाएत गोपनीय एवं व्यवस्थित शौचालयको सुविधालाई बुझाउँछ । सरसफाइले फोहरमैला संकलन र फोहोर पानीको सुरक्षित विसर्जन मार्फत स्वच्छता कायम गर्नु समेतलाई बुझाउँछ ।

ग) विद्यालय स्वच्छताः विद्यालय स्वच्छता भन्नाले विद्यालय वातावरण सफा गर्न, रोगको विस्तार रोक्न र विद्यालयमा छात्र तथा छात्राहरू, शिक्षक तथा कर्मचारीहरूलाई बिरामी हुनबाट बच्न अपनाईने *साबुनपानीले हात धुने, महिनावारी स्वच्छता, खाना तथा खाजाको स्वच्छता व्यवस्थापन लगायत* [४] सम्पूर्ण व्यवहारहरूलाई जनाउँछ ।

घ) "**तारा पद्धति**" भन्नाले विद्यालयमा विद्यमान खानेपानी र सरसफाइका सुविधा, स्वच्छता अभ्यासको अवस्था, संस्थागत सुदृढीकरण र दिगोपनासँग सम्बन्धित तोकिएको सूचकहरूको आधारमा विद्यालयले स्वमूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिको सिफारिशमा गाउँपालिका वा नगरपालिकाबाट तोकिएको समितिले प्रमाणीकरण गरे अनुसार एक, दुई वा तीन तारामा वर्गीकरण गर्री खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्धनलाई स्तरीकृत गर्दै लैजाने पद्धतिलाई जनाउछ ।

ङ) *"बाल क्लब" भन्नाले विद्यालयमा बालबालिकालाई आफैं गरेर सिक्ने क्षमता र सामुहिक भावना विकास गर्न बालबालिकाहरु बीच गठित विभिन्न विषयसँग सम्बन्धित समूहलाई जनाउँछ ।* [५]

## परिच्छेद २ लक्ष्य, उद्देश्य तथा रणनीति

**२.१ लक्ष्य :** सबै प्रकारका विद्यालयमा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने ।

**२.२ उद्देश्यहरुः**

२.२.१ विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाइ तथा स्वच्छताका सूचक एवम् मापदण्ड तयार गर्ने,

२.२.२ तयार गरिएको मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पध्दतिका विषयमा सहजीकरण गर्ने,

२.२.३ विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनको उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने ।

---

[4] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[5] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

**२.३ रणनीतिहरु:**

२.३.१ विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी बिषयहरूलाई संघीय, प्रादेशिक तथा स्थानीय तहका योजना प्रकियामा प्रवाहीकरण गर्ने,

२.३.२ विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि सरकार तथा सम्बन्धित मन्त्रालय, संयुक्त राष्ट्र संघ, गैर सरकारी, निजी क्षेत्र र नागरिक समाज बीच समन्वय, सहकार्य र साझेदारी गर्ने,

२.३.३ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको विषयलाई विद्यालय सुधार योजनामा समावेश गर्ने,

२.३.४ विद्यालय खानेपानी र सरसफाइका सुविधा र स्वच्छता प्रवर्धनका लागि निरन्तर स्वमूल्याङ्कन पद्धति विकास गरी अवलम्बन गर्ने,

२.३.५ बाल क्लब, विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र सरोकारवालाहरुको क्षमता विकास गर्ने,

२.३.६ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कायम गर्ने कार्यलाई नियमित सिकाइ क्रियाकलापसंग आबध्द गर्ने ।

## परिच्छेद ३

## विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छताका मापदण्ड

[६]३.१ *सबै विद्यालयहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी निम्न सुविधाहरु उपलब्ध हुनु पर्नेछ :*

*क. स्वच्छ पिउने पानीसहित पर्याप्त पानी,*

*ख. विद्यार्थी संख्या अनुसार अलगअलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय,*

*ग. वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा,*

*घ विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन,*

*ङ सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्सा/ खाजा घर,*

*च. विपद जोखिम व्यवस्थापन,*

*छ. प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था*

[७]३.२ *विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्थालाई अनुसूची १ अनुसारको मापदण्डहरूको आधारमा तारा पद्धतिबाट उत्कृष्ट, मध्यम र सुधारोन्मुख गरी तीन स्तर निर्धारण गरिने छ । साथै उत्कृष्ट विद्यालयका लागि तीन तारा, मध्यम अवस्थाका लागि दुई तारा र सुधारोन्मुख अवस्थाका लागि एक तारा प्रदान गरिने छ ।*

---

[6] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[7] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[8]३.३ *विद्यालयले अनुसूची १ अनुसार कायम भएको स्तरसूचक तारा सबैले देख्न सक्ने गरी प्रदर्शन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।*

[9]*३.४ स्तरसूचक तारा प्राप्त गर्न स्वमूल्याङ्कन विधि अपनाइने छ ।*

## परिच्छेद ४

## *विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति* सम्बन्धी व्यवस्था[10]

**४.१ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः** विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्वन्धी योजना तर्जुमा, सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा सम्वन्धित विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी देहायका सदस्य रहेको एक विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ :

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको सो समितिको सदस्य - अध्यक्ष

ख) विद्यालयका प्रधानाध्यापक - सदस्य

ग) शिक्षक अभिभावक सङ्घले आफूमध्येबाट छानी पठाएको एकजना महिला - सदस्य

घ) विद्यालय सेवा क्षेत्रभित्र रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाको प्रतिनिधि एकजना - सदस्य

ङ) बाल क्लबका पदाधिारीहरुले आफूमध्येबाट छानी पठाएको एकजना छात्रासहित दुईजना - सदस्य

च) सम्बन्धित वडा समितीबाट प्रतिनिधि एकजना - सदस्य

छ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक एकजना - सदस्य सचिव

**४.२ बैठक सम्वन्धी कार्यविधि :**[11]

*क. समितिको बैठक सामान्यतया चार महिनामा एक पटक बस्नुपर्नेछ,*

*ख. बैठकमा छलफल गरिने मूल विषय सदस्यहरुलाई आमन्त्रण गर्दा नै जानकारी गराउनु पर्नेछ,*

---

[8] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[9] दोस्रो संशोधन, २०७६ अनुसार थप

[10] दोस्रो संशोधन, २०७६ अनुसार शीर्षक संशोधित

[11] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

*ग. समितिको अध्यक्षको अनुपस्थितिमा उपस्थित भएमा सदस्यमध्ये उमेरमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,*

*घ. बैठक सञ्चालन गर्न पचास प्रतिशत सदस्यहरु उपस्थित हुनु पर्नेछ,*

*ङ. खानेपानी, सरसफाइ, स्वच्छता, स्वास्थ्य तथा पोषण सम्बद्ध व्यक्ति तथा संस्थालाई बैठकमा आमन्त्रण गर्न सकिनेछ,*

*च. बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।*

**४.३ समितिको काम कर्तव्य र अधिकार**

४.३.१ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको सुनिश्चितताका लागि *विद्यार्थीहरुको अगुवाइ र सहभागितामा*[12] योजना तर्जुमा र कार्यान्वयन गर्ने,

४.३.२ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

४.३.३ विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरू समावेश गराइ स्वच्छताको अभ्यास गराउने वातावरण तयार गर्ने,

४.३.४ विद्यालयलाई मापदण्डको आधारमा उत्कृष्ट अवस्थामा पुर्‍याउनका लागि आवश्यक स्रोतहरूको खोजी र व्यवस्थापन गर्ने,

४.३.५ विद्यालयका खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको मर्मत, सम्भार, रेखदेख र अनुगमन गर्ने,

४.३.६ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको स्वअनुगमन फाराम भरी विद्यालय व्यवस्थापन समितिलाई उपलब्ध गराउने,

४.३.७ विद्यालयलाई तीनतारायुक्त बनाउन र निरन्तरता दिनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू र बाल क्लबसँग समन्वय गरी अन्य आवश्यक क्रियाकलापहरू गर्ने,

[13] *४.३.८ विद्यालय स्तरीय, खानेपानी, सरसफाइ तथा स्वच्छता समीक्षा तथा योजना तर्जुमा गोष्ठि आयोजना गरी वर्ष भरीमा उत्कृष्ट कार्य गर्ने अभिभावक, शिक्षक, कर्मचारी एवं विद्यार्थीहरुलाई पुरस्कृत गर्ने ।*

## परिच्छेद ५
## स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणिकरण

**५.१ विद्यालय स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणिकरण प्रकियाः**

५.१.१ परिच्छेद १ को १.१ मा उल्लिखित सूचकहरूको आधारमा समितिले शैक्षिक सत्र सुरु भएको दुई महिना भित्र स्वमूल्याङ्कन गर्नुपर्नेछ,

५.१.२ समितिले आफ्नो रायसहित स्वमूल्याङ्कन फाराम विद्यालय व्यवस्थापन समितिमा पेस गर्नुपर्नेछ,

---

[12] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[13] दोस्रो संशोधन, २०७६ अनुसार थप

५.१.३ विद्यालय व्यवस्थापन समितिले आफ्नो रायसहित स्वमूल्याङ्कन फाराम प्रमाणिकरणका लागि सम्बन्धित गाउँपालिका/नगरपालिकास्तरीय शिक्षा समिति समक्ष पेश गर्नुपर्नेछ,

५.१.४ गाउँपालिका/नगरपालिका स्तरीय शिक्षा समितिले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा प्राविधिक सहितको स्थलगत अनुगमनको सिफारिसमा तारा निर्धारण गर्नेछ,

५.१.५ लगातार दुई पटकको बार्षिक समीक्षामा कुनै विद्यालयले तीन ताराको अवस्थालाई कायम राख्न सफल भएमा सम्बन्धित गाउँ/नगरपालिका स्तरीय शिक्षा समितिले त्यस्ता विद्यालय तथा यस कार्यमा योगदान गर्ने संस्था / व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ६

## *क्षमता विकास तथा मर्मत सम्भार कोष परिचालन*[१४]

**६.१ क्षमता विकासका क्रियाकलापः** विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि विभिन्न तहमा क्षमता विकासका देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन हुनेछन् :

६.१.१ सङ्घीय तहको समन्वयमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि नीतिगत विषयमा गोष्ठी तथा सेमिनारहरू आयोजना गरिनेछ,

६.१.२ प्रदेश तहको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय र सरोकारवालालाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी सिकाइ आदान प्रदान, योजना तर्जुमा तथा समन्वय गोष्ठी तथा सम्मेलनहरूको आयोजना गरिनेछ,

६.१.३ स्थानीय तहको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय, गाउँ तथा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति, गाउँ तथा नगरपालिका स्तरीय शिक्षा समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघ र बालक्लब समेतलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी अभिमुखीकरण गोष्ठी सञ्चालन गरिनेछ,

[१५] *६.१.४ अन्तर विद्यालयको समन्वयमा शैक्षिक भ्रमणको आयोजना गरि एक अर्को विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनको सफलतो सिकाइको अवलम्वन गरिनेछ,*

[१६] *६.१.५ विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छताका आधारहरु र सूचकहरुलाई लक्षित गरी विद्यालयस्तरीय निवन्ध, वक्तृत्वकला, कविता, हाजिरी जवाफ, नाटक जस्ता प्रतियोगितात्मक कार्यकमहरुको आयोजना गरिनेछ, ।*

---

[14] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[15] दोस्रो संशोधन, २०७६ अनुसार थप

६.२ **मर्मत सम्भार कोष परिचालन** :[17]

६.२.१ विद्यालय खानेपानी, सरसफाइ लगायतका सुविधाहरुको मर्मत सम्भार एवम् स्तर वृद्धि गर्न विद्यालयले निम्न स्रोतहरूबाट छुट्टै मर्मत सम्भार कोषको व्यवस्था गर्न सक्नेछ :

क. सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त रकम,

ख. विकास साझेदारहरू लगायत अन्य सरोकारवाला संघ संस्थाबाट नियमानुसार प्राप्त सहयोग,

ग. अन्य व्यक्ति वा निकायहरूबाट प्राप्त दानदातब्य, पुरस्कार,

[18]घ. विद्यालय स्वयंले *आयआर्जन,* सङ्कलन तथा विनियोजन गरेको रकम ।

६.२.२ विद्यालयल ममर्त सम्भार कोषबाट देहायबमोजिमका कार्यहरु गर्न सक्नेछ :

क. विद्यालय खानेपानी तथा सरसफाइका सुविधाहरूको मर्मत सम्भार,

ख. सरसफाइ सामग्रीहरू (ब्रस, साबुन हार्पिक वा फिनेल आदि) व्यवस्थापन,

ग. मर्मत सम्भारका लागि आवश्यक पर्ने औजार तथा सामग्रीहरूको व्यवस्था लगायत अन्य आवश्यक कार्यहरु,

घ. अनुसूची २ बमोजिमका सूचकहरुको आधारमा स्तरोन्नतिसँग सम्वन्धित कार्यहरु गर्न,

## परिच्छेद ७
## विभिन्न निकायहरुको भूमिका

**७.** सबै विद्यालयहरूमा खानेपानी र सरसफाइको सुविधा एवम् स्वच्छता प्रवर्धनमा एकरूपता ल्याई बालबालिकाहरूको विद्यालयमा उपस्थित हुने दरमा वृद्धि गरी सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न देहायका निकायहरुको निम्नानुसारको भूमिका रहनेछ :

[19]**७.१** ***शिक्षा तथा मानव स्रोत विकास केन्द्र :***

क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी नीति नियम तयार गर्न मन्त्रालयलाई सहयोग गर्ने र स्वीकृत नीति नियम लागु गर्ने,

ख) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि बजेटको व्यवस्था गर्ने,

ग) मातहतका निकायहरूलाई मार्ग दर्शन गर्ने,

घ) अनुगमन तथा मूल्याङ्कन गर्ने,

---

16 दोस्रो संशोधन, २०७६ अनुसार थप

17 दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

18 दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

19 दोस्रो संशोधन, २०७६ अनुसार शीर्षक संशोधित

ङ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अनुसन्धान, विकास तथा प्रभाव मूल्याङ्कनमा सहयोग गर्ने,

च) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सूचकहरुलाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गर्ने ।

[२०] *छ) संघीय तहमा विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग समन्वय गरी नीति नियम तयार गर्न मन्त्रालयलाइ सहयोग गर्ने साथै स्वीकृत नीति नियम लागू गर्ने,*

[२१] *७.१क. शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा देहायअनुसारको एक संघीय तहको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहने छ :*

*क. उपमहानिर्देशक, शैक्षिक योजना तथा विकास महाशाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र - अध्यक्ष*

*ख. शाखा प्रमुख, ढल तथा वातावरणीय शाखा, खानेपानी तथा ढल विकास विभाग - सदस्य*

*ग. प्रतिनिधि, परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग, - सदस्य*

*घ. प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य*

*ङ. प्रतिनिधि, राष्ट्रिय योजना आयोग - सदस्य*

*च. प्रतिनिधि, नगरपालिका महासंघ नेपाल - सदस्य*

*छ. प्रतिनिधि, गाउँपालिका महासंघ नेपाल - सदस्य*

*ज. प्रतिनिधि, नेपाल शिक्षक महासंघ - सदस्य*

*झ. प्रतिनिधि, विकास साझेदार संस्थाहरु मध्येबाट महानिर्देशकले तोकेको कम्तीमा एक जना महिलासहित ३ जना - सदस्य*

*ञ. निर्देशक, विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा - सदस्य सचिव ।*

*समितिको बैठकमा अन्य विशेषज्ञ, तथा अन्य संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।*

[२२] ***७.१.ख. सङ्घीय तहको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :***

*क. सम्वन्धित मन्त्रालय, विभाग, विकासका साझेदार निकायहरुसँग समन्वय गर्ने ।*

*ख. सङ्घीय तहमा संचालन गरिने विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनसँग सम्बन्धित कियालापहरुको पहिचान तथा समीक्षा गर्ने,*

*ग. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनसँग सम्बन्धित कियालापहरु सङ्घीय तहमा प्रचार प्रसारका लागि कार्यशाला गोष्ठी, अभिमुखीकरण, सेमिनार, बैठक, सामग्रीहरुको प्रकाशन आदिको व्यवस्था गर्ने ।*

*घ. सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरुसँग भएका स्रोत साधनहरुको परिचालन गर्दै क्षमता विकासका कियाकलापहरु मार्फत तीन तारायूक्त विद्यालयको रुपमा विकास गर्न सहयोग गर्ने तथा आवश्यक परामर्श दिने ।*

---

[20] दोस्रो संशोधन, २०७६ अनुसार थप

[21] दोस्रो संशोधन, २०७६ अनुसार थप

[22] दोस्रो संशोधन, २०७६ अनुसार थप

ङ. विद्यालयमा कमजोर खानेपानी र सरसफाइले निम्त्याउने जोखिमलाई अन्त्य गर्न विद्यालयहरुलाई प्राथमिकताको आधारमा सहयोग उपलब्ध गराउन सरकार, विकासका साझेदार र दातृ निकायहरुसँग सहकार्य गर्ने ।

च. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन कार्यको सम्पादन, गुणस्तर र दिगोपनाका लागि विभिन्न तह र पक्षहरुमा अनुसन्धान तथा विकासका लागि सहजीकरण गर्ने ।

छ. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनमा तोकिएको मापदण्डलाई कायम राख्दै उत्कृष्ट योगदान दिने व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत तथा सम्मान गर्ने ।

ज. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित विषयहरुमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका बैठक, सेमिनार, कार्यशाला गोष्ठि, सम्मेलनको आयोजना गर्ने ।

झ.. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन कार्यमा एक रुपता, पारदर्शिता कायम राख्न स्रोतहरुको नक्साङ्कन गर्दै सरोकारवालाहरुको विश्लेषण गर्ने ।

ञ.. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन कियाकलापहरुको योजना तर्जुमा, कार्यसम्पादन मूल्याँकन र पृष्ठपोषणका लागि नियमित बैठकको आयोजन गर्ने ।

[२३]७.१ ग. सामाजिक विकास मन्त्रालयअन्तर्गत देहायअनुसारको एक प्रदेश तहको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहने छ :

| | |
|---|---|
| क. सचिव, सामाजिक विकास मन्त्रालय | - अध्इक्ष |
| ख. प्रतिनिधि सामाजिक विकास मन्त्रालय | - सदस्य |
| ग. प्रतिनिधि खानेपानी तथा सरसफाइ हेर्ने निकाय . | - सदस्य |
| घ. प्रतिनिधि, भौतिक पूर्वाधार विकास मन्त्रालय | - सदस्य |
| ङ. प्रतिनिधि स्वास्थ्य विकास निर्देशनालय | - सदस्य |
| च. प्रतिनिधि, नगरपालिका महासंघ नेपाल | - सदस्य |
| छ. प्रतिनिधि, गाउँपालिका महासंघ नेपाल | - सदस्य |
| ज. प्रतिनिधि, विद्यालय खानेपानी तथा सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य गर्ने विकास साझेदार संस्थाहरु मध्येबाट सामाजिक विकास मन्त्रालयका सचिवले तोकेका कम्तीमा एक जना महिलासहित ३ जना | - सदस्य |
| झ. निर्देशक, शिक्षा विकास निर्देशनालय | - सदस्य सचिव । |

समितिको बैठकमा अन्य विशेषज्ञ, अन्य संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

[२४]७.१ ग. **प्रदेश तहको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम कर्तव्य र अधिकार देहायअनुसार रहने छ :**

१. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता बारेमा प्रदेश स्तरका सरोकारवालाहरु बीच समन्वय गर्ने,

[23] दोस्रो संशोधन, २०७६ अनुसार थप

[24] दोस्रो संशोधन, २०७६ अनुसार थप

*२. आफ्ना मातहतका पालिकाहरुमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि पालिकाहरुको योजना तर्जूमा, बजेट व्यवस्था तथा कार्यान्वयनमा सहयोग गर्ने,*

*३. स्थानीय तहमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि उत्प्रेरक ( Champion) परिचालन गर्न मद्धत गर्ने,*

*४. सूचना, शिक्षा, संचारसँग सम्बन्धित श्रव्य दृष्य सामग्रीहरुको विकास, वितरण तथा प्रशारणमा सहयोग गर्ने,*

*५. प्रदेश तहमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी प्रचार प्रसार गोष्ठी बैठक तथा सेमिनार आयोजना गर्ने,*

*६. आफ्नो मातहतका पालिकाहरुमा सञ्चालित विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन कार्यक्रमहरुको कार्य सम्पादन अनुगमन गर्ने तथा उत्कृष्ट योगदान दिने व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत तथा सम्मान गर्ने,*

*७. प्रदेश तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता तथ्याङ्कहरुको अद्यावधिक गर्ने,*

*८. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन कार्यको प्रभावकारिताका लागि स्रोतहरुको नक्साङ्कन गर्दै सरोकारवालाहरुसँग सहकार्यको वातावरण मिलाउने,*

*९. समुदायलाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छताको तीन ताराका सबै सुचकहरु पुरा गरेको सुनिश्चितता गर्ने,*

*१०. तीनतारा विधिबाट अनुगमन तथा मूल्याङ्कन गरी विद्यालयको खानेपानी तथा सरसफाइ सुविधाको स्तर प्रमाणीकरण गर्ने,*

*११. मापदण्ड पुरा नभएका विद्यालयहरुको स्तर वृद्धिको लागि आवश्यक बजेट व्यवस्थापन गर्न यस सम्बन्धी कार्यालय, समिति र संस्थाहरुसँग समन्वय गर्ने ।*

[२५]**७.२ .....**

[२६]*७.३ गाउँ वा नगरपालिकास्तरीय सामाजिक विकास समिति :*

*प्रत्येक गाउपालिका वा नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गठन भएको गाउँपालिका वा नगरपालिकास्तरीय सामाजिक विकास समिति अन्तर्गत गाउँपालिका वा नगरपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय उपसमिति गठन गरी आफ्नो गाउपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयहरुमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरूको व्यवस्थापन, रेखदेख, अनुगमन तथा मूल्यांकन गर्न सक्नेछ  गर्नेछ :*

*क) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी रणनीतिक योजना तयारी तथा बजेटको व्यवस्थापन गर्ने,*

*ख) सूचना, शिक्षा, संचारसँग सम्बन्धित श्रव्य दृष्य सामग्रीहरुको विकास तथा वितरणमा सहयोग गर्ने,*

*ग) सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गर्ने,*

---

25 दोस्रो संशोधन, २०७६ अनुसार झिकिएको

26 दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

*घ) गाउँपालिका वा नगरपालिकालाई खुला दिसामुक्त कायम भएको सुनिश्चित गर्ने र पूर्ण सरसफाइउन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला सबै विद्यालयहरूमा खानेपानी सरसफाइ तथा स्वच्छताको सुविधा भई प्रयोग भएको अवस्थाको सुनिश्चितता गर्ने,*

*ङ) विद्यालयहरुको स्वमूल्याङ्कनउपर उपसमिति गठन गरी सत्यापन गराइ ताराविधिबाट विद्यालयको खानेपानी र सरसफाइ स्तर प्रमाणीकरण गर्ने,*

*च) मापदण्ड पुरा नभएका विद्यालयहरुको स्तर वृद्धिका लागि आवश्यक बजेट व्यवस्थापन गर्न गाउँ तथा नगरकार्यपालिका समक्ष सिफारिस गर्ने,*

*छ) विद्यालयमा शैक्षिक पक्षका साथै विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य, खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी सेवा विस्तारका लागि योजनवद्ध सहयोग गर्ने ।*

[२७]**७.४ स्रोतकेन्द्र**

**७.५ विद्यालय व्यवस्थापन समितिः** प्रत्येक विद्यालयमा शिक्षा ऐनमा उल्लेख भए बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिले नै विद्यालयमा खाने पानी, सरसफाइ तथा स्वच्छताका निम्न क्रियाकलापहरू सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नेछ :

क) योजना निर्माण, समन्वय, अनुगमन तथा सुपरिवेक्षण गर्ने,

ख) *सकेसम्म स्थानीय सामग्रीको प्रयोग गरी*[२८] विद्यालयमा खानेपानी तथा सरसफाइका सुविधाहरूको सुनिश्चित गर्ने, ग) कोष सङ्कलन तथा परिचालन गर्ने,

घ) समितिले पेश गरेको स्वमूल्यांकन फाराम समीक्षा गरी प्रमाणिकरणको लागि गाउँ तथा नगरस्तरीय शिक्षा समिति समक्ष पेश गर्ने,

ङ) समितिले सिफारिस गरेको स्वमूल्यांकनमा आवश्यकता अनुसार पुनरावलोकनका लागि सोही समितिमा पठाउने व्यवस्था गर्ने ।

**७.६ प्रधानाध्यापक :**

क) खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा, समन्वय, सञ्चार र कार्यान्वयन गर्न *खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय*[२९] समितिलाई सहयोग गर्ने,

ख) समितिले तयार गरेको योजना तथा प्रस्तावित कार्यक्रमलाई विद्यालयस्तरीय सुधार योजनामा समावेश गर्ने, ग) खानेपानी र सरसफाइमा तीन ताराको अवस्था हासिल गरी यसलाई कायम राख्न आवश्यक व्यवस्था गर्ने,

---

[27] दोस्रो संशोधन, २०७६ अनुसार झिकिएको

[28] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[29] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[30] *ग) सम्पर्क शिक्षक वा स्वास्थ्य कार्यकर्ता तथा अन्य शिक्षकहरुलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी हरेक कियाकलापहरुमा सहभागिताको सुनिश्चितता गर्ने*

घ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्वन्धी अतिरिक्त कियाकलापहरु सञ्चालन गर्ने,

ङ) कार्यरत शिक्षकमध्ये उपलब्ध भएसम्म एक जना महिला शिक्षकलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक तोक्ने,

च) विद्यालयले विषयसँग सम्बन्धीत नियमित शिक्षण सिकाइ गर्दा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी विषय समावेश गरी पठनपाठन गराउने व्यवस्था मिलाउने ।

**७.७ अभिभावक :** क) विद्यालयमा खानेपानी तथा सरसफाइका सुविधाहरू निर्माण, मर्मत सम्भार गर्न सहयोग गर्ने,

[31] क१) *विद्यालयमा सुरक्षित र नियमित खानेपानी आपूर्तिको व्यवस्था मिलाउन सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिसँग समन्वय गरी आवश्यक सहयोग पुर्‍याउने ।*

*ख) आ आफ्ना* [32] बालबालिकाहरूलाई जीवन पद्धतिकै रूपमा स्वच्छकर आनीबानी अपनाउन उत्प्रेरित गर्ने ।

[33] *ग) समय समयमा विद्यालयमा आई खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरुको अनुगमन गरी सम्पर्क शिक्षक र प्र.अ. लाई पृष्ठपोषण दिने ।*

[34] *घ) विद्यालयमा स्वास्थ्य तथा पोषणको उचित व्यवस्थापन गर्ने .*

**७.८ *बाल क्लव :***[35]

क) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने,

ख) उपयुक्त स्वच्छकर आनीबानी अपनाउने र सहपाठीहरुलाई समेत अपनाउन उत्प्रेरित गर्ने,

ग) सफलताका कथाहरूको सङ्कलन र प्रदर्शन गर्ने, घ) घर, अभिभावक, सहपाठीहरू र समुदायलाई उत्प्रेरित गर्ने ।

घ) *घर परिवार, अभिभावक, सहपाठीहरू र समुदायलाई सुरक्षित पानी पिउन, शौचालयको स्वस्थकर प्रयोग, साबुनपानीले हातधुने बानी बसाल्ने, महिनावारी*

---

[30] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[31] दोस्रो संशोधन, २०७६ अनुसार थप

[32] दोस्रो तेस्रो संशोधन, २०७६ अनुसार संशोधित

[33] दोस्रो संशोधन, २०७६ अनुसार थप

[34] दोस्रो संशोधन, २०७६ अनुसार थप

[35] दोस्रो संशोधन, २०७६ अनुसार शीर्षक संशोधन

*स्वच्छता व्यवस्थापनलगायत विद्यालय परिसर सफा र हरियाली कायम गर्न उत्प्रेरित गर्ने ।*[36]

[37]*ङ) सांस्कृतिक तथा अन्य कार्यक्रमहरुको आयोजना गरी मर्मतसंभार कोषवृद्धि गर्ने ।*

[38]*च) मापदण्ड र सुचकअनुसार आफ्नो उपलब्धिमा सुधार गर्न सहयोगी निकायको पहिचान गरी सहयोगको लागि समन्वय समिति मार्फत पहल गर्ने,*

[39]*छ) घरायसी सरसफाइ सुधार र जीवन उपयोगी सीप प्रवर्द्धनका लागि एक विद्यार्थी अर्को विद्यार्थीको घरमा समूह बनाई अवलोकन भ्रमण गर्ने ।*

[40]***७.८.क विद्यार्थीहरु***

*क) सफा सुग्घर भई औपचारिक पोशाकमा विद्यालय आउने ।*

*ख) विद्यालयले तोकेको पालो अनुसार कक्षा कोठा, परिसर, धारा र शौचालय सरसफाइको प्रवन्ध गर्ने ।*

*ग) काम सकेपछि पानीका धारा बन्द गर्ने ।*

*घ) शौचालय प्रयोग गरेपछि पानी राखी सफा राख्ने ।*

*ङ) विद्यालयले आयोजना गर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने ।*

**७.९ विकास साझेदारहरू :**

क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि आर्थिक *तथा प्राविधिक*[41] सहयोग गर्ने,

ख) विपदको समयमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि मानवीय सहयोग उपलब्ध गराउने,

ग) क्षमता विकास तथा अनुसन्धानका लागि सहयोग उपलब्ध गराउने,

घ) चेतनामूलक सामग्रीहरूको विकास र वितरणमा सहयोग गर्ने,

ङ) राम्रा अभ्यासहरुको संकलन गरी छपाइ तथा वितरण गर्ने,

च) विद्यालय खानेपानी,सरसफाइ तथा स्वच्छताका कार्यहरूमा सचेतना/सहभागिता अभिवृद्धि गर्ने ।

**७.१० स्वास्थ्य** *शिक्षा*[42] **तथा खानेपानी सम्वन्धी निकाय :**

*क) विद्यालय सेवाक्षेत्रलाई सुरक्षित खानेपानीयुक्त समुदाय विकास गर्न खानेपानी सुरक्षा योजना लागु गरी विद्यालयमा सुरक्षित पानी उपलब्ध भएको एकिन गर्ने ।*[43]

---

[36] दोस्रो संशोधन, २०७६ अनुसार थप

[37] दोस्रो संशोधन, २०७६ अनुसार थप

[38] दोस्रो संशोधन, २०७६ अनुसार थप

[39] दोस्रोसंशोधन, २०७६ अनुसार थप

[40] दोस्रो संशोधन, २०७६ अनुसार थप

[41] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

[42] दोस्रो तेस्रो संशोधन, २०७६ अनुसार संशोधित

[43] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

ख) खानेपानी, सरसफाइ तथा स्वच्छताका सुविधाहरूका लागि आवश्यक प्राविधिक सुझाव / सल्लाह प्रदान गर्ने ।

*[44]ग) सरसफाइ तथा स्वच्छताको कमीले हुने रोगहरु तथा पानीजन्य रोगहरुको अभिलेख राखी विद्यालयलाई सो सम्बन्धमा जानकारी गराउने ।*

## परिच्छेद ८
## विविध

[45]**८.१ प्रमाणिकरण गर्ने प्रक्रिया** :

क) *विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले* शैक्षिक सत्र सुरु भएको एक महिनाभित्र अनुसूची १ अनुसारको सूचकहरुको आधारमा अनुसूची २ अनुसार स्वमूल्याङ्न गरी *एक, दुई र तीन ताराका सूचकहरु पूरा गरेपछि विद्यालय व्यवस्थापन समितिसमक्ष पेश गर्नु पर्नेछ* ।

ख) प्राप्त प्रतिवेदन विद्यालय व्यवस्थापन समितिले एक महिनाभित्र प्रमाणीकरणका लागि गाउँ वा नगर*पालिकाको सामाजिक विकास समितिमा* पेश गर्नुपर्नेछ ।

ग) गाउँ वा नगर*पालिकाको सामाजिक विकास समिति वा सम्बन्धित समितिमार्फत्* अनुगमन, मूल्याङ्कन गरी तारा निर्धारणको प्रमाणीकरण गरी *विद्यालयलाई जानकारी दिनु पर्नेछ ।*

घ) *सामाजिक विकास समितिले* प्रमाणीकरण प्रतिवेदन *सुझावसहित गाउँपालिका वा नगरपालिकामा पेश गर्नु पर्नेछ ।*

[46]**८.२ *योजनामा समावेश गर्ने :*** *सम्बन्धित विद्यालयहरुले विद्यालय सुधार योजनामा र नमुना विद्यालय विकासका लागि छनोट भएका विद्यालयले गुरुयोजना निर्माण एवम् परिष्कृत गर्दा शैक्षिक पक्षका साथै विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता एवम् स्वास्थ्य र खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी विषयसमेत समावेश गर्नु पर्नेछ ।*

[47]***८.३ एकीकृत सेवा प्रवाहको व्यवस्था :*** *विद्यालयको शैक्षिक, आर्थिक, सामाजिक, वातावरणीय तथा भौतिक र मानवीय पक्षमा सुधार एवम् सोसम्बन्धी सेवा प्रवाह सबलीकरण कार्यमा एकीकृत र सहभागितात्मक विधि अपनाउनु पर्नेछ ।*

[48]***८.४ नमुना विद्यालयहरुको लागि विशेष सर्त :*** *नमुना विद्यालय विकासका लागि छनोट भई अनुदान प्राप्त गरेका सबै सामुदायिक विद्यालयहरुले आगामी ५*

---

[44] दोस्रो संशोधन, २०७६ अनुसार थप
[45] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित
[46] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित
[47] दोस्रो संशोधन, २०७६ अनुसार थप
[48] दोस्रो संशोधन, २०७६ अनुसार थप

*वर्षभित्रमा विद्यालय खानेपानी तथा सरसफाइ सुविधाका सुचकहरुमा तीन तारा प्राप्त गरिसक्नु पर्नेछ ।*

## अनुसूची १[४९]

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका मापदण्ड

| क.सं. | सूचकहरू | विद्यालयले तारा प्राप्त गर्ने मापदण्डहरु | | |
|---|---|---|---|---|
| | | **एक तारा** | **दुई तारा** | **तीन तारा** |
| १ | खानेपानी | पिउन, हात धुन र सरसफाइ गर्नका लागि सुधारिएको स्रोतबाट सबैलाई सुलभ रुपमा पानीको उपलब्धता भएको । | विद्यालयमा पिउनका लागि शुद्धिकरण गरिएको पानीको व्यवस्था भएको साथै वर्षमा कम्तीमा दुइपटक पानीको गुणस्तर परीक्षण गरी सुधार गरिएको। | सबै बालबालिकाहरुको पहुँच सहितको पिउन र सरसफाइका लागि  सुरक्षित र पर्याप्त पानीको उपलब्धता (प्रति व्यक्ति दैनिक १२ लि.) भएको। |
| २ | शौचालय | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितका अलग अलग सुधारिएका तथा सुचारु शौचालय भएको। | बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री युरिनल र पानीसहितको धारा भएको सुधारिएका तथा सुचारु शौचालयको व्यवस्था *भएको।* | सुरक्षित स्थानमाबाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री ( २५ छात्रा र ५० छात्रहरुको अनुपातमा) पर्याप्त पानीसहितको सुधारिएका तथा सुचारु शौचालय र एक शौचालय र मुत्रालयको अनुपात १:४ को सुविधासहित दिसा, पिसाबको सुरक्षित निकासको व्यवस्था मिलाइएको। |
| *३.* | *सफा स्वच्छ र हरियाली वातावरण* | *कक्षा कोठा र विद्यालय परिसरको नियमित सरसफाइ गरी ठोस फोहरलाई टोकरीमा सङ्कलन गरी समय समयमा बिसर्जन गर्ने गरिएको साथै विद्यालय सेवा क्षेत्र खुला दिसामुक्त अवस्था कायम भएको।* | *ठोस फोहरहरूलाई सिसा, धातुजन्य, रसायनयुक्त नकुहिने र कुहिने गरी अलग अलग टोकरीमा सङ्कलन गरी कम्तिमा हप्तामा एक पटक विसजर्न गर्ने गरिएको साथै विद्यालय परिसरभित्र पुष्पबाटिकाको व्यवस्था भएको।* | *सामग्रीहरूको प्रयोग घटाउने, पुनःप्रयोग गर्ने र पुनःचक्रणको पद्धति लागू गरी सबै खाले फोहोरको व्यवस्थापन गरिएको साथै विद्यालयभित्रको उपयुक्त खाली जमीनमा वृक्षारोपण र करेसाबारीको विकास गरिएको ।* |
| *४* | *खानाको* | *विद्यालयमा विद्यार्थीले* | *विद्यालयमा व्यवस्थित र* | *दक्ष व्यक्ति मार्फत दिवा खाजा* |

[49] दोस्रो संशोधन, २०७६ अनुसार संशोधित

| | | | | |
|---|---|---|---|---|
| | *स्वच्छता* | *खाने दिवा खाजा सफा, स्वच्छ र ताजा भएको ।* | *सुरक्षित तवरले दिवा खाजा तयार गर्न भाँडावर्तन, अन्य सामग्रीहरु र भान्छा घरको सुविधा भएको तथा पकाएको र नपकाएको खाद्य सामग्री छुट्टाछुट्टै राख्ने व्यवस्था भएको ।* | *तयार गर्ने व्यवस्था भएको र उपयूक्त तापक्रममा सुरक्षित भण्डारण गर्ने व्यवस्था भएको ।* |
| ५ | स्वच्छता सुविधा | पानी र साबुनसहितको हात धुने सुविधा भएको । | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको । | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा प्रति विद्यार्थी ५० को अनुपातमा एक धारा) मा सबैको सहज पहुँच सहित प्रयोग भई नाली वा सोकपिट वा बगैचा वा करेसाबारीमा पानीको निकासको व्यवस्था गरिएको । |
| ६ | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको, पाँच कक्षा देखी महिनावारी स्वच्छता व्यवस्थापन पठनपाठन गर्ने गरिएको । | विद्यार्थीहरूको व्यावहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको । | स्वास्थ्यतथा वातावरण विषयमा विद्यार्थीहरूको व्यक्तिगत सरसफाइ र स्वच्छता व्यवहार (समूहमा हात धुने, व्यक्तिगत सरसफाइ र शौचालयको सरसफाइ गर्ने) का आधारमा अङ्क दिने पद्धतिको अवलम्बन गरिएको । |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | महिनावारी सामग्री व्यवस्थापनका लागि छात्रा शौचालयहरूमा ढकन सहितको डस्टबिन राखिएको । | आकस्मिक अवस्थाका लागि सहज महिनावारी सामग्रीको उपलब्धता र प्रयोग गरिएका सामाग्रीहरूको सुरक्षित बिसर्जन गर्ने गरिएको । वा इन्सीनेटर जडान गरिएको । | छात्राहरूले पुन प्रयोग गर्ने महिनावारी सामग्री तयार वा प्रयोग गर्ने सीप सिकी वा स्वस्थकर महिनावारी सामग्री प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरू। सञ्चालनमा रहेको । |
| ८ | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको । | विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समावेश भई *कार्यान्वयनमा ल्याइएको* । | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरूको व्यवस्था भएको र नियमित रूपमा तालिका अनुसार शौचालय, पानी टंकी, फिल्टर र हातधुने ठाउँको |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरसफाइ गर्ने गरिएको । |
| ९ | विपद जोखिम व्यवस्थापन | शिक्षक तथा बालबालिकाहरूलाई विपद जोखिम न्यूनीकरण सम्बन्धमा क्षमता विकास गरिएको । | खानेपानी, सरसफाइ तथा स्वच्छता समेतको विपद पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम नक्साङ्कन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको । | खानेपानी तथा सरसफाइका संरचनाहरू नेपाल सरकारको स्वीकृत मापदण्ड (विपद जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको *साथै आकस्मिक अवस्थामा खोज तथा उद्धार गर्ने टोली गठन गरी शिप सिकाइएको ।* |
| १० | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक ( महिलालाई प्राथमिकता) वा स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिएको । | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको निगरानीमा दैनिक रूपमा शौचालयको सफाइ र साबुन पानीले हात धुने गरिएको । | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको सहजीकरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारीमूलक सामग्री र महिनावारी सामग्री, *स्वच्छ र स्वस्थ्य खाजा) को व्यवस्था* गरिएको । *न्युनतम ६ महिनामा एकपटक सबै सूचकहरुको स्वअनुगमन गरी अभिलेख राखिएको ।* |

एक, दुई र तीन तारामध्ये पूरा भएकोमा चिह्न (√) र नभएकोमा चिह्न (X) लगाउनुपर्नेछ । एक ताराका सबै सूचक पूरा गरेपछि “एक तारा” तोक्न सकिने छ र एवम् रीतले एक तारा र दुई ताराका सबै सूचक पूरा गरेपछि “दुई तारा” र एक तारा, दुई तारा र तीन ताराका सबै सूचक पूरा गरेपछि “तीन तारा” तोक्न सकिनेछ ।

## अनुसूची १[50]

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता स्वमूल्याङ्कन फारम

विद्यालयको नाम :...........................................................विद्यालय कोड नं.............

प्रदेश.................जिल्ला................................स्थानीय तह..................वडा नं....

| क.सं. | सूचकहरू | विद्यालयले तारा प्राप्त गर्ने मापदण्डहरु<br>(निम्नलिखित एक तारा, दुई तारा वा तीन ताराको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था १ (न्युन), २ (मध्यम) र ३ (उत्तम) मध्ये जुन अवस्थामा छ सोहीअनुसार अंक लेख्ने ) | | |
|---|---|---|---|---|
| | | **एक तारा** | **दुई तारा** | **तीन तारा** |
| १ | खानेपानी | पिउन, हात धुन र सरसफाइ गर्नका लागि सुधारिएको स्रोतबाट सबैलाई सुलभ रुपमा पानीको उपलब्धता भएको । ☐ | विद्यालयमा पिउनका लागि शुद्धिकरण गरिएको पानीको व्यवस्था भएको साथै वर्षमा कम्तीमा दुइपटक पानीको गुणस्तर परीक्षण गरी सुधार गरिएको । ☐ | सबै बालबालिकाहरुको पहुँच सहितको पिउन र सरसफाइका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता (प्रति व्यक्ति दैनिक १२ लि.) भएको । ☐ |
| २ | शौचालय | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितका अलग अलग सुधारिएका तथा सुचारु शौचालय भएको । ☐ | बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री युरिनल र पानीसहितको धारा भएको सुधारिएका तथा सुचारु शौचालयको व्यवस्था *भएको ।* ☐ | सुरक्षित स्थानमाबाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री (२५ छात्रा र ५० छात्रहरुको अनुपातमा) पर्याप्त पानीसहितको सुधारिएका तथा सुचारु शौचालय र एक शौचालय र मुत्रालयको अनुपात १:४ को सुविधासहित दिसा, पिसाबको सुरक्षित निकासको व्यवस्था मिलाइएको ☐ |
| *३.* | *सफा स्वच्छ र हरियाली वातावरण* | *कक्षा कोठा र विद्यालय परिसरको नियमित सरसफाइ गरी ठोस फोहरलाई टोकरीमा सङ्कलन गरी समय समयमा बिसर्जन गर्ने गरिएको साथै विद्यालय सेवा क्षेत्र खुला दिसामुक्त अवस्था कायम भएको ।* ☐ | *ठोस फोहरहरूलाई सिसा, धातुजन्य, रसायनयुक्त नकुहिने र कुहिने गरी अलग अलग टोकरीमा सङ्कलन गरी कम्तिमा हप्तामा एक पटक विसजर्न गर्ने गरिएको साथै विद्यालय परिसरभित्र पुष्पबाटिकाको व्यवस्था भएको ।* ☐ | *सामग्रीहरूको प्रयोग घटाउने, पुन:प्रयोग गर्ने र पुन:चक्रणको पद्धति लागू गरी सबै खाले फोहोरको व्यवस्थापन गरिएको साथै विद्यालयभित्रको उपयुक्त खाली जमीनमा वृक्षारोपण र करेसाबारीको विकास गरिएको ।* ☐ |

[50] तेस्रो संशोधन, २०७६ अनुसार संशोधित

| | | | | |
|---|---|---|---|---|
| ४ | *खानाको स्वच्छता* | *विद्यालयमा विद्यार्थीले खाने दिवा खाजा सफा, स्वच्छ र ताजा भएको ।* ▭ | *विद्यालयमा व्यवस्थित र सुरक्षित तवरले दिवा खाजा तयार गर्न भाँडावर्तन, अन्य सामग्रीहरु र भान्छा घरको सुविधा भएको तथा पकाएको र नपकाएको खाद्य सामग्री छुट्टाछुट्टै राख्ने व्यवस्था भएको ।* ▭ | *दक्ष व्यक्ति मार्फत दिवा खाजा तयार गर्ने व्यवस्था भएको र उपयूक्त तापक्रममा सुरक्षित भण्डारण गर्ने व्यवस्था भएको ।* ▭ |
| ५ | स्वच्छता सुविधा | पानी र साबुनसहितको हात धुने सुविधा भएको । ▭ | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको । ▭ | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा प्रति विद्यार्थी ५० को अनुपातमा एक धारा) मा सबैको सहज पहुँच सहित प्रयोग भई नाली वा सोकपिट वा बगैचा वा करेसाबारीमा पानीको निकासको व्यवस्था गरिएको । ▭ |
| ६ | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको, पाँच कक्षा देखी महिनावारी स्वच्छता व्यवस्थापन पठनपाठन गर्ने गरिएको । ▭ | विद्यार्थीहरूको व्यावहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको । ▭ | स्वास्थ्यतथा वातावरण विषयमा विद्यार्थीहरूको व्यक्तिगत सरसफाइ र स्वच्छता व्यवहार (समूहमा हात धुने, व्यक्तिगत सरसफाइ र शौचालयको सरसफाइ गर्ने) का आधारमा अङ्क दिने पद्धतिको अवलम्बन गरिएको । ▭ |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | महिनावारी सामग्री व्यवस्थापनका लागि छात्रा शौचालयहरूमा ढकन सहितको डस्टबिन राखिएको । ▭ | आकस्मिक अवस्थाका लागि सहज महिनावारी सामग्रीको उपलब्धता र प्रयोग गरिएका सामाग्रीहरूको सुरक्षित बिसर्जन गर्ने गरिएको वा इन्सीनेटर जडान गरिएको । ▭ | छात्राहरूले पुन प्रयोग गर्ने महिनावारी सामग्री तयार वा प्रयोग गर्ने सीप सिकी वा स्वस्थकर महिनावारी सामग्री प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरू सञ्चालनमा रहेको । ▭ |
| ८ | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको । ▭ | विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समावेश भई *कार्यान्वयनमा ल्याइएको* । ▭ | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरूको व्यवस्था भएको र नियमित रूपमा तालिका अनुसार शौचालय, पानी टंकी, फिल्टर र |

| | | | | |
|---|---|---|---|---|
| | | | | हातधुने ठाउँको सरसफाइ गर्ने गरिएको । ☐ |
| ९ | विपद जोखिम व्यवस्थापन | शिक्षक तथा बालबालिकाहरूलाई विपद जोखिम न्यूनीकरण सम्बन्धमा क्षमता विकास गरिएको । ☐ | खानेपानी, सरसफाइ तथा स्वच्छता समेतको विपद पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम नक्साङ्कन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको । ☐ | खानेपानी तथा सरसफाइका संरचनाहरू नेपाल सरकारको स्वीकृत मापदण्ड (विपद जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको *साथै आकस्मिक अवस्थामा खोज तथा उद्धार गर्ने टोली गठन गरी शिप सिकाइएको ।* ☐ |
| १० | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक ( महिलालाई प्राथमिकता) वा स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिएको । ☐ | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको निगरानीमा दैनिक रूपमा शौचालयको सफाइ र साबुन पानीले हात धुने गरिएको । ☐ | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको सहजीकरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारीमूलक सामग्री र महिनावारी सामग्री, *स्वच्छ र स्वस्थ्य खाजा) को व्यवस्था* गरिएको । *न्युनतम ६ महिनामा एकपटक सबै सूचकहरुको स्वअनुगमन गरी अभिलेख राखिएको ।* ☐ |
| **जम्मा अङ्क** | | | | |
| **उल्लिखित १० सूचकका आधारमा समग्र अवस्था विश्लेषण** | | | | |

*द्रष्टव्य १: क.सुधारिको पानीको स्रोत भन्नाले पाइपबाट प्राप्त पानी, बोरिङ् र ट्यूबेल, संरक्षित इनार, मूल, आकाशेपानी, प्याकेज गरिउको वा वितरण गरिएको पानी भन्ने बुझिन्छ ।*

*ख. सुधारिएको शौचालय भन्नाले फ्लस भएको शौभारलय, भिआइपि शौभालय, मल शौचालय, स्ल्याव भएको खाल्डे शौचालय भन्ने बुझिन्छ ।*

*द्रष्टव्य २ एक ताराअन्तर्गत राखिएका मापदण्डहरुमा ३० अङ्क प्राप्त गर्पछि मात्र "एकतारा" तोक्न सकिने छ । यसै गरी दुई तारा वा तीन ताराअन्तर्गत राखिएका मापदण्डहरु पूरा गरेपछि मात्र "दुईतारा" वा "तीनतारा" तोक्न सकिनेछ ।*

## अनुसूची १[५१]

### स्वमूल्याङ्कनको विश्लेषणका आधारमा स्तरोन्नतिका लागि कार्ययोजनाको ढाँचा

विद्यालयको नाम :……………………………………………………विद्यालय कोड नं…………

प्रदेश……………जिल्ला…………………………स्थानीय तह……………………………वडा नं….

| सूचकहरू | सुधार गर्नु पर्ने मुख्य कार्यहरु | | जिम्मेवार व्यक्ति, संस्था | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १. खानेपानी | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| २. शौचालय | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ३. *सफा स्वच्छ र हरियाली वातावरण* | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ४.खानाको स्वच्छता | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ५.स्वच्छता सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ६.स्वच्छता शिक्षा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ७.महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ८.संस्थागत | तारा १ | | | | |

51 तेस्रो संशोधन, २०७६ अनुसार थप

| | | | | | |
|---|---|---|---|---|---|
| व्यवस्था र दिगोपन | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ९. विपद जोखिम व्यवस्थापन | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| १०. अनुगमन तथा जवाफदेहिता | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |

**समितिका सदस्यको नाम, पद तथा हस्ताक्षर**

| क.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

**मिति** :